साइपाल गाउँपालिका
(Saipal Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)
काँडा (Kanda), बझाङ (Bajhang)
सुदूरपश्चिमप्रदेश(Sudurpaschim,Province),नेपाल (Nepal)
ito.saipalmun@gmail.com
९८६८४५०१७६ प्र.प्र.अ
www.kandamun.gov.np

प.सं Letter No. २०८२/०८३

च.नः Dispatch No. ३८

मिति २०८२।०५।०५

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले निवेदन दिन सम्बन्धी ३५ (तैतिस) दिने सूचना

नेपाल सरकार राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाडौंले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले निवेदन दिने सम्बन्धी (३५) दिने अन्तिम पटक सूचना मिति २०८२।०४।३० गते प्रकाशित सूचना अनुसार यस साईपाल गाउँपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले आ-आफ्नो वडा कार्यालय मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-३ (भूमिहीन दलित/भूमिहीन सुकुम्बासीले भर्ने निवेदन फाराम) र अनुसूची ४ (अव्यवस्थित बसोबसीले दिने निवेदन फाराम) बमोजिमको फाराम भरि ३५ दिन भित्र वडा कार्यालयमा गई तपसिलमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्न हुन यसै सूचना द्वारा सूचित गरिन्छ । यदि कोही कसैले झुठ्ठा विवरण दिई फाराम भरेको पाइएमा निवेदन फाराम रद्द गरि नियमानुसार कारवाही गरिने व्यहोरा गराउँदै समयमा आवेदन नभर्ने, माग गरिएका कागजात र विवरण उपलब्ध नगराएका कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयम् हुने व्यहोरा समेत जानकारी छ।

२०८२-५-२

जयराज जोशी
नि. प्रमुख प्रशासकिय अधिकृत

**तपसिलः-**

| भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोवसीलको हकमा |
|---|---|
| १. परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति।<br>२. परिवारमूलीको र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य), नागरिकता प्राप्त नभएका सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. सम्बन्धित वडा कार्यालयले दिएको सुकुम्बासी भएको व्यहोरा सिफारिस पत्र।<br>४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि (विद्युत/पानीको महसुल रसिद, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, अन्य प्रमाण आदि) | १. परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति ।<br>२. परिवारमूलीको र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य), नागरिकता प्राप्त नभएका सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. माग गरेको जग्गा वर्ष (कम्तिमा दश वर्ष) अघिबाट आवाद कमोत भइआएको हो भनी सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको व्यहोरा सिफारिस पत्र ।<br>४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि (विद्युत/पानीको महसुल रसिद, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, अन्य प्रमाण आदि)<br>५. आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी कागजातको प्रतिलिपि । |

पुनश्च : एक परिवारले एक स्थानबाट मात्र निवेदन पेश गर्नुपर्ने छ ।

थप अन्य जानकारीका लागि सम्पर्क व्यक्तिः "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र" को प्रमुख सम्पर्क व्यक्ति श्री जनक बहादुर द्वाल फोन नं. ९८४८६१०३८१

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।